का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ कातिक २०७९,
बुधबार
9 November 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २६३ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# देश दौडाहामा शीर्ष नेताहरु

मतदानको दिन नजिकिएसँगै राजनीतिक दलका शीर्ष नेताहरु देश दौडाहामा निस्किएका छन् । एजेण्डा भन्दा बढ्दा उनीहरुका भाषण अरोप प्रत्यारोप र आश्वासनमा केन्द्रित देखिन्छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ कात्तिक

प्रदेश र प्रतिनिधिसभा सदस्यका उम्मेदवारहरु चुनावी प्रचार प्रसारमा छन् । आफ्ना उम्मेदवारलाई भोट माग्न राजनीतिक दलका शीर्ष नेताहरु देश दौडाहामा निस्किएका छन् । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड विभिन्न चुनाव क्षेत्रमा प्रचार प्रसारका लागि पुगेका हुन् । उनीहरुले निर्वाचन आयोगबाट प्रमुख प्रचारकको हैसियतमा चुनावी प्रचारका लागि हेलिकप्टर प्रयोग गर्न पाउने अनुमति पनि लिएका छन् । बिभिन्न क्षेत्रमा पुगेका शीर्ष नेताहरु भाषणमा भने एजेण्डा भन्दा बढ्दा अरोप प्रत्यारोप र आश्वासन
बाँडिरहेका छन् ।

१७ कात्तिकमा चुनाव प्रचार सुरु भएपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड गोरखा पुगेर आफ्नो चुनाव क्षेत्रको आमसभामा सहभागी भएका थिए । दुई दिन गोरखामै बसेर उनले करिब दर्जन साना, ठूला चुनावी सभालाई सम्बोधन गरेका थिए । मंगलबार भने प्रचण्ड कर्णाली पुगेका हुन् । पहिलो पटक आफ्नो निर्वाचन क्षेत्र बाहिर पुगेका प्रचण्डले मंगलबार कर्णालीका विभिन्न पाँच चुनावी सभालाई सम्बोधन गरे ।

उनले जुम्लाको शेराखेत र सिंजामा आयोजना गरिएको चुनावी सभालाई सम्बोधन गर्ने छन् । त्यस्तै हुम्लाको सर्केगाड, कालीकोटको मान्मा र रास्कोटमा आयोजना हुने चुनावी सभालाई पनि प्रचण्डले सम्बोधन गरे

मंगलबार कालीकोटको सदरमुकाम मान्मामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले ४ मंसिरको प्रतिनिधिसभा चुनावमा महेन्द्रबहादुर शाहीलाई निर्वाचित भए उनलाई मन्त्री बनाउने आश्वासन दिए । सत्ता गठबन्धन विगतकै शान्ति सम्झौताको निरन्तरता रहेको भन्दै बिना हिचकिचाहट गठबन्धनका उम्मेदवारलाई भोट दिन आग्रह गरे । आफ्नो निर्वाचन क्षेत्र डडेलधुरामा दुई दिन बिताएका शेरबहादुर देउवा त्यसपछि कैलालीको धनगढी झरेर त्यहाँको आमसभालाई सम्बोधन गरे । देउवाले आफ्नो निर्वाचन क्षेत्रका परशुराम र अजयमेरुमा आयोजित सभालाई सम्बोधन गरिसकेका छन् ।

मंगलबार देउवाले कैलाली-५ मा चुनाव प्रचारमा सक्रिय भए । देउवाको सचिवालयका अनुसार उनी आज त्यस क्षेत्रमा पार्टीका आन्तरिक भेटघाटमा व्यस्त छन् । उक्त क्षेत्रमा सत्ता गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका छविराज पन्त उम्मेवार रहेका छन् । देउवा बुधबार त्यहाँबाट दार्चुला र बैतडीका आमसभामा सहभागी हुन जाने कार्यक्रम छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले १८ कात्तिकमा चुनावी सभा दार्चुलाबाट सुरु गरेका थिए । त्यसै दिन बैतडी र कञ्चनपुरको आमसभालाई पनि सम्बोधन गरेका ओलीले बाग्लुङ र पोखराको सभालाई समेत सम्बोधन गरिसकेका छन् ।

मंगलबार आफ्नो निवास बालकोटमै आन्तरिक भेटघाटमा ब्यस्त रहेका ओली साँझपख झापा हिडेका छन् । ओलीले चुनावभर करिब ४० जिल्लाका सभालाई सम्बोधन गर्ने तय भएको छ ।

# स्वतन्त्रले दिएको चुनौती

राजनीतिक दलहरुप्रति नागरिकमा देखिएको वितृष्णाकै कारण स्वतन्त्र उम्मेद्वारी दिनेहरुले राम्रै चर्चा पाएको देखिन्छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ कात्तिक

आगामी मंसिरमा हुने प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनका लागि उम्मेद्वारी दिएका स्वतन्त्र उम्मेद्वारप्रति शीर्ष नेताहरु नै आक्रामक देखिएका छन् । आफूविरुद्ध नै उम्मेद्वारी दिएका कारणले पनि शीर्ष नेताहरुमा आक्रोश देखिएको हो । नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल लगायत शीर्ष नेताहरुकै क्षेत्रमा स्वतन्त्र उम्मेद्वारी परेको छ ।

प्रधानमन्त्री देउवाविरुद्ध डडेल्धुराबाट स्वतन्त्र उम्मेद्वारी दिएका सागर ढकालले राम्रै चर्चाप पाइरहेका छन् । उनले निर्धक्क भएर प्रचारप्रसार गर्न नपाएको भनेर ध्यान तानेका छन् । ढकालले लेखेका छन्, 'मलाई



जोगाइदिनुस् जनता गुहार्नु बाहेक केही बाँकी रहेन ।सबै प्रशासन शेरबहादुरको मुनि छ, कुरा गर्नु नगर्नु बेकार छ । मलाई अब प्रचार प्रसारमा डडेल्धुरामा रोक लगाइएको छ ।' यद्यपि, जिल्ला प्रशासनले सूचना जारी गरेर रोक नलाएको जानकारी दिइसकेको छ ।

झापाबाट स्वतन्त्र उम्मेद्वारी दिएका स्वागत नेपालले पनि आफूमाथि आक्रमणको प्रयास भएको बताएका छन् । विभिन्न नेताहरु विरुद्धको अभिव्यक्ति दिएको भन्दै हातपात भएको – बाँकी पृष्ठ २ मा

# बागीमाथि धमाधम कारबाही

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ कात्तिक

बागी उम्मेदवार सहित कांग्रेसका ७४ जना कारबाहीमा परेका छन् ।

कांग्रेसले पार्टी र पार्टीले समर्थन गरेका उम्मेदवारविरुद्ध उम्मेदवारी दिने ७४ नेतालाई कारबाही गरेको हो । मंगलबार पार्टीको अनुशासन आयोगले विज्ञप्ति निकालेर पार्टी र पार्टीले समर्थन गरेका उम्मेदवारविरुद्ध उम्मेदवारी दिने ७४ जना नेता तथा कार्यकर्तालाई पाँच वर्षका लागि साधारण सदस्य समेत नरहने गरी कारबाही गरेको जनाएको छ ।

'आगामी मंसिर ४ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन/२०७९ मा नेपाली कांग्रेस पार्टीका आधिकारिक उम्मेदवार र पार्टीले समर्थन गरेको उम्मेदवारविरुद्ध उम्मेदवार भएका र त्यस्ता उम्मेदवारको प्रस्तावक वा समर्थक भएमा नेपाली कांग्रेसको विधान २०१७ (संशोधनसहित) को धारा ३४ को उपधारा ४ (क) बमोजिम ५ (पाँच) वर्षका लागि देहायका व्यक्तिलाई सदस्यता समेत नरहने गरी पार्टीको अभिलेखबाट हटाउन निर्देश गरिन्छ' आयोगका संयोजक आनन्दप्रसाद ढुंगानाले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

कांग्रेसले बागी उम्मेदवार, प्रस्तावक एवं समर्थक र अन्य पार्टीमा गई उम्मेदवार भएकाहरूको नामावलीहरू समेत अभिलेखबाट हटाइएको जनाएको छ। कांग्रेसले बागी उम्मेदवार तीनका प्रस्तावक एवं समर्थकको नाम केन्द्रीय अनुशासन समितिमा पठाउन पनि निर्देशन दिएको छ।

नेकपा माओवादी केन्द्रले पनि मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य पदको निर्वाचनमा बागी उम्मेदवारी दिने पार्टीका नेता कार्यकर्तालाई कारबाही गरेको छ ।

पार्टी कार्यालय सचिव श्रीराम ढकालका अनुसार निर्वाचनमा बागी उम्मेदवारी दिने पार्टीका नेता कार्यकर्ताहरु कारबाहीमा परेका छन् । पार्टी नीतिविपरीत गठबन्धन दलका आधिकारिक उम्मेदवारको विरुद्धमा बागी उम्मेदवारी दिइ उम्मेदवारी फिर्ता नलिएका उम्मेदवार, तिनका प्रस्तावक र समर्थकलाई सम्पूर्ण जिम्मेवारीसहित पार्टीबाट निस्कासन गरिएको छ ।

माओवादीले समय ने तोकेर आफ्नो उम्मेदवारी फिर्ता नलिएका त्यस्ता बागी उम्मेदवारले पार्टीका एवम् गठबन्धन दलभित्रका आधिकारिक उम्मेदवारलाई विजयी गराउन पूर्ण रुपमा सक्रिय रहने प्रतिबद्धतासहित असोज ३१ गतेभित्र सार्वजनिक रुपमा वक्तव्य प्रकाशित गरेमा वा आफ्नो उम्मेदवारी निस्क्रिय गराएमा उनीहरु उपरको कारबाही फिर्ता लिइने जनाएको थियो। नीति अनुसार निर्णय नगर्नेहरुमाथि कारबाही गरिएको हो ।

सत्तारूढ गठबन्धनको निर्णय विपरीत मनोनयनपत्र दर्ता गराएका एकीकृत समाजवादी पार्टीले १९ जना उम्मेद्वारले आफ्नो उम्मेद्वारी फिर्ता लिएको जनाएको छ। पार्टी नेतृत्वले दिएको निर्देशन मान्दै उनीहरूले उम्मेद्वारी फिर्ता लिएपछि कारबाहीबाट – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# समयमै नेपाली कामदार नगएपछि मलेसियाको माग अन्यत्र जाँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ कात्तिक

लामो समयको प्रतीक्षापछि लयमा फर्किएको मलेसियाको वैदेशिक रोजगारी नेपाली कामदार जाने जहाज टिकटको अभावमा प्रभावित हुने खतरा बढेको छ । नागरिक उड्डयन प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान भरिरहेका चार्टर्ड विमानहरुलाई भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गर्न बाध्य पारेपछि मलेसिया जाने युवाहरुलाई टिकटको समस्या परेको हो ।

हाल काठमाडौं-मलेसिया उडानमा हवाई भाडा अत्यधिक बढेको र महंगोमा पनि टिकट पाउन मुस्किल रहेको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ । राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सले हप्ताको ४ उडान र हिमालयन एयरलाइन्सले काठमाडौं-भैरहवा-क्वालालम्पुर चार्टर्ड उडान शुरु गरेपनि वैदेशिक रोजगारीमा जाने कामदार कोरोना कालको जस्तै चार्टर्ड उडानको महंगो भाडा तिर्न बाध्य भएको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका उपाध्यक्ष डिक बहादुर खत्री (कुमार)ले बताए ।

उनले वैदेशिक रोजगारीमा जाने कामदारको चापलाई ध्यान दिएर राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सले मलेसियामा उडान संख्या बढाउनु पर्नेमा कामदारको समस्यामा सरकारले उदासीनता देखाएको बताए । उनले भने, 'बसबाट ओहोरदोहोर गर्न सकिने नयाँ दिल्लीमा उडान भरेर नेपाल एयरलाइन्सले नेपाली कामदार ओहोरदोहोर गर्ने लामो यात्रामा निजी एयरलाइन्सलाई सहज – बाँकी पृष्ठ २ मा

## भाषा अनुवादकको अभावमा श्रम स्वीकृति रोकियो

**काठमाडौं/मस–** कर्मचारीको अभावमा बेरोजगार कामदार विदेशमा काम गर्न जान रोकिने देश पनि यो संसारमा छ ? भनेर प्रश्न गर्दा उत्तरमा छ र त्यो नेपाल नै हो भनेर भन्नु पर्ने अवस्था आएको छ । अरेबियन भाषा अनुवादकको अभाव भन्दै श्रम तथा रोजगार कार्यालय धनगढी, कैलालीले पुनः श्रम स्वीकृति रोकेको छ । उक्त कार्यालयका निमित्त प्रमुख जनकसिंह उखेडाले एक सूचना जारी गर्दै पुनः श्रम स्वीकृति रोकिएको जानकारी दिएका हुन् ।

उनले अरेबियन भाषा अनुवादकको व्यवस्था नभएसम्म श्रम स्वीकृतिको कार्य नहुने बताएका छन् । – बाँकी पृष्ठ २ मा

आम निर्वाचन ०७९

# लाइसेन्स भए पनि भोट हाल्न पाइने

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २२ कात्तिक

मतदाता परिचयपत्र बाहेक परिचय खुल्ने अन्य कागजात देखाएर पनि मत हाल्न पाइने भएको छ । मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएको मतदाता परिचयपत्र नभए पनि अन्य सरकारी कागजातका आधारमा भोट हाल्न पाइने भएको हो ।

निर्वाचन आयोगका अनुसार नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपुर्जा वा सवारीचालक अनुमतिपत्रको सक्कल प्रमाणका आधारमा अन्तिम मतदाता नामावली विवरणसँग भिडाई यकिन गरी मतदान गर्न पाउने व्यवस्था मिलाइएको छ । यसका लागि सम्बन्धित निर्वाचन अधिकृतलाई निर्देशन दिने निर्णय गरिएको निर्वाचन आयोगले मंगलबार विज्ञप्ति निकालेर जानकारी दिएको छ ।

निर्वाचनको सन्दर्भमा आयोगबाट मतदातालाई परिचयपत्र वितरण भएको भए तापनि कतिपय मतदाताको परिचयपत्र हराएको/नासिएको अवस्था भएमा उल्लेखित परिचयपत्रको आधारमा मतदान गर्न पाउने – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

# विशेष अदालतको फैसलाविरुद्ध पुनरावेदन



**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चालु आर्थिक वर्षमा विशेष अदालतबाट फैसला भएका ११२ वटा मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ। आयोगले मंगलबार पत्रकार सम्मेलन गर्दै चालु आर्थिक वर्ष २०७९/०८० मा विशेष अदालतले फैसला गरेका एक सय १२ वटा मुद्दाहरुमा चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरेको जनाएको हो।

१८ वटा मुद्दामा भने आयोगसँग पर्याप्त प्रमाण नपुग्ने भएकाले पुनरावेदन नगर्ने निर्णय अख्तियारले गरेको छ। चालु आर्थिक वर्षमा विशेष अदालतबाट १ सय ६३ वटा मुद्दाको फैसला प्राप्त गरेकामा २० वटा मुद्दामा मात्रै अख्तियारले सफलता हात पारेको छ। त्यसमध्ये १ सय १२ वटा मुद्दामा मुद्दामा आयोगको चित्त नबुझेका कारण अख्तियार पुनरावेदनमा गएको हो। आयोगले २४ वटा मुद्दामा पुनरावेदन जाने गरी काम गरिरहेको र ती मुद्दाहरुको फैसला प्राप्तिका लागि कुरिरहेको छ।

पुनरावेदनमा गएका मुद्दाहरु मध्ये गलत प्रतिवेदनका २ वटा, झुटा बिल भरपाईका २ वटा, घुस/रिसवतका १०४ वटा, सार्वजनिक सम्पत्ति हानी नोक्सानीको १, गैरकानूनी लाभ तथा हानीका २ र राजस्व चुहावटको १ वटा रहेका छन्। गत आर्थिक वर्षमा विशेष अदालतबाट १४८ वटा मुद्दाको फैसला प्राप्त गरेकोमा ५७ वटामा मात्र सफलता प्राप्त गरेको छ।

# 'वैदेशिक रोजगारमा जाने महिलाको सेवा र सुरक्षा आवश्यक'




**पोखरा/रासस-** रोजगारको सिलसिलामा वैदेशिक रोजगारमा जाने महिलामा थुप्रै चुनौती देखिएको भन्दै यसलाई न्यूनीकरण गर्न महिलाको सुरक्षित, मर्यादित सेवा सुनिश्चितता गर्नुपर्नेमा जोड दिइएको छ। पोखरामा राष्ट्रिय महिला आयोगले आयोजना गरेको वैदेशिक रोजगारमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताका लागि वैदेशिक रोजगारीको क्षेत्रमा कार्यरत निकायगत र तहगत सरोकारवालासँगको सार्वजनिक सुनुवाइ कार्यक्रमा सहभागीले सो विषयमा जोड दिएका हुन्।

वैदेशिक रोजगारका लागि दुबई र कतार गएर फर्किएकी देवी सुनारले वैदेशिक रोजगार अवसरसँगै चुनौती भएकाले यसमा देखिएका समस्याको समाधानमा आयोगले नीतिगत तहबाट पहल गर्नुपर्नेमा जोड दिइन्। आफूले सम्बन्धित देशको भाषा र कामको दक्षता नहुँदा आफूले निकै दुःख भोग्नु परेको अनुभव उनीहरूले सुनाएका छन्।

कुवेतबाट फर्किएकी पार्वती दमैले आफूलाई वैदेशिक रोजगारसम्बन्धी नीतिनियम कानून केही थाहा नहुँदा श्रम शोषणमा परेको अनुभव सुनाइन्। घरेलु कामदारको रुपमा रहँदा आफूले भोग्नु परेको पीडा सुनाउँदै उनले सरकारका कतिपय नीति नियमबारे आफूहरु अञ्जान रहँदा पनि पीडित हुनुपरेको बताइन्। उनले कमजोर आर्थिक अवस्थाका कारण विकल्प खोज्दै खाडीमुलुक जाँदाका पीडा दर्दनाक भएको र परिवारका सदस्यसँग सम्पर्कमा रहनसमेत नपाउँदा आफ्नै चिन्ताले आमा गुमाउनु परेको पीडा पोखिन्।

जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेलले हरेक क्षेत्रमा समस्या देखिएको जनाउँदै त्यसलाई व्यवस्थित गर्ने नीतिनियम र त्यसको कार्यान्वयनको पक्षमा जोड दिन आवश्यक रहेको बताए। उनले वैदेशिक रोजगारमा जाने महिलाको लागि पहिला त्यस देशको भाषा संस्कार संस्कृतिको बारेमा सामान्य भए पनि जानकारी लिनुपर्ने र कुन कामको लागि जाने त्यो काम दक्ष भएर वैधानिक बाटोबाट जाँदा जोखिम कम हुने भनाइ राखे।

शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिव हेमराज सुवेदीले सरकारले निषेध गरेका बाहेकका मुलुकमा जाँदा श्रम स्वीकृति लिएर सीप सिकेर जाँदा समस्या कम हुने बताए। उनले समस्यामाथि छलफल र बहस गरेपछि समाधानको उपाय निस्कने जनाउँदै महिला आयोगको पहिलो पटक वैदेशिक रोजगारमा महिलाको सवाललाई प्राथमिकता दिएर सार्वजनिक सुनुवाइ गरेकोमा प्रशंसा गरे।

कार्यक्रममा श्रम तथा रोजगार कार्यालय पोखराका श्रम अधिकृत लक्ष्मण बरालले गण्डकी प्रदेशमा महिलाको वैदेशिक रोजगार सम्बन्धी सवाल र महिलाको सुरक्षित तथा मर्यादित रोजगारीका लागि अवलम्बन गर्नुपर्ने उपायको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए। उनका अनुसार गण्डकी प्रदेशको २०७८/७९ को तथ्यांकमा ९६ हजार नौ सय ९८ जनामध्ये पाँच हजार दुई सय ११ जना महिला वैदेशिक रोजगारमा गएका छन्।

त्यसैगरी सामी परियोजना गण्डकीका प्रमुख उमा शर्माले वैदेशिक रोजगारीमा गएका महिलाप्रति सकारात्मक दृष्टिकोणको खाँचो रहेको र सकारात्मक भन्दा नकारात्मक विषयले बढी प्राथमिकता पाउँदा वैदेशिक रोजगारमा गएर आएका महिला समाजमा खुल्न नसकेको बताइन्।

आयोगका उपसचिव सीता अधिकारीले पछिल्लो समयमा वैदेशिक रोजगारमा जाने महिलामाथि विभिन्न खालका हिंसा हुने गरेका घटना सार्वजनिक भएसँगै आयोगले २१ वर्षको इतिहसामा पहिलो पटक वैदेशिक रोजगार र महिलाको सवाललाई चासो दिएर कार्यक्रम गरेको जानकारी दिइन्।

आयोगका अध्यक्ष कमला पराजुलीले महिला अधिकारको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्न बनेको आयोगले पछिल्लो समय वैदेशिक रोजगारमा रहेका महिलामाथि हुने हिंसाका धेरै घटना बाहिर आएको र यसलाई न्यूनीकरण गर्नका लागि उठेका सवाल र सुझावले आगामी रणनीतिक योजना बनाउन सहयोग पुग्ने विश्वास गरिन्।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख सरिता माल, सामाजिक विकास मन्त्रालयका उपसचिव जमुना पौडेल, इलाका प्रशासन कार्यालय लेखनाथका कमलराज भण्डारी, प्रेस काउन्सिलका सदस्य दुर्गा भण्डारी, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, इन्सेकका कार्यक्रम संयोजक सवनम शर्मा, नेपाल बारको केन्द्रिय महिला समिति सचिव विनिता नेपाली लगायतले वैदेशिक रोजगारमा महिलाको अवस्था र सरोकारवाला निकायले ध्यान दिनुपर्ने कुरामा सुझाव राखेका थिए। वैदेशिक रोजगारबाट आउने रेमिट्यान्समा मात्र नभई यसले सिर्जना गरेको पारिवारिक बेमेल, मानसिक स्वास्थ्यमा देखिएको समस्या लगायतका विषयमा पनि अध्ययन जरुरी रहेको उनीहरूको भनाइ थियो।

## स्वतन्त्रले...

उनीनिकट एक नेताको दावी छ। सागर र स्वागत त प्रतिनिधि पात्र मात्रै हुन्, काठमाडौं उपत्यकादेखि देशका विभिन्न स्थानबाट उम्मेद्वारी दिएका स्वतन्त्रहरु दलहरुका लागि चुनौती बन्दै गएका छन्। रौतहट ३ बाट स्वतन्त्र उम्मेद्वारी दिएका प्रभु शाहको जित लगभग निश्चित बन्दा दलका उम्मेद्वारलाई चुनौती थपिएको छ।

कांग्रेसबाट टिकट नपाएपछि सर्लाही ४ बाट स्वतन्त्र उम्मेद्वारी दिएका अमरेशकुमार सिंह पूर्वसांसद नगेन्द्रकुमार रायका लागि चुनौती बन्ने निश्चित छ। पूर्वमन्त्री एवं माओवादी केन्द्रका नेता गिरिराजमणि पोखेललाई पनि स्वतन्त्र उम्मेद्वार पोषण थापाका कारण महोत्तरी एकमा चुनाव जित्न थप सकस हुने भएको छ। यातायात व्यवस्था कार्यालयको शाखा प्रमुखबाट राजीनामा दिएर चुनावमा होमिएका थापाको प्रभाव बढ्दैं जाँदा चुनौती थपिने निश्चित भएको हो।

एकातिर दलहरुप्रतिको बढ्दो वितृष्णा अनि अर्कातिर स्वतन्त्रहरुको प्रभाव बढ्दै जाँदा आगामी निर्वाचनमा शीर्षस्थ नेताले स्वतन्त्रबाट पराजय भोग्नुपर्ने सम्भावना बढेको छ। जसले गर्दा स्वतन्त्र उम्मेद्वारलाई प्रचारदेखि लिएर जनमत भड्काउने नीतिमा सफल बनाउन नदिन दलका नेताहरु लागिपरेका छन्।

## बागीमाथि...

बचेका छन्। क्षेत्र नम्बर १ 'ख' मा स्वतन्त्र उम्मेद्वारी दिएका तीन जनाले आफ्नो उम्मेद्वारी फिर्ता लिएका छन्। आरुघाट गाउँपालिकाका पूर्वअध्यक्षसमेत रहेका पूर्ण दाहालले उम्मेद्वारी फिर्ता लिएका हुन्। उनी नेपाली कांग्रेसनिकट नेता हुन्। सोही क्षेत्रमा नेकपा माओवादी केन्द्रनिकट राजकुमार ढकाल र नेकपा एकीकृत समाजवादीका टेकराज भट्टले पनि उम्मेद्वारी फिर्ता लिएका छन्। फिर्ता नलिनेहरुमाथि एकीकृत समाजवादीले पनि कारबाही गरेको छ।

## समयमै...

बनाउने र नेपाली कामदारलाई समस्यामा पार्ने नीति लिएको त होइन ? भन्ने प्रश्न उठाउनु पर्ने अवस्था उत्पन्न भएको छ।'

काठमाडौंबाट चार्टर्ड विमान उडाउन नपाउने सरकारी निर्णयले वैदेशिक रोजगारीका लागि मलेसिया जान मुलुकका विभिन्न जिल्लाबाट यतिखेर २५ हजारभन्दा बढी नेपाली श्रमिक राजधानीमा आई अलपत्र परेको भन्दै उनले यो समस्या गहिरिँदै गएको बताए।

यसअघि मञ्चका अध्यक्ष राजेन्द्र भण्डारीले चार्टर्ड विमानले तोकिएको कुनै पनि नियमित उडान नभरेको भन्दै त्यसप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघ समेतले चासो नदेखाएको आरोप लगाएका थिए।

उपाध्यक्ष केसीले नेपालका म्यानपावर कम्पनीले मलेसियाका रोजगारदातालाई नेपाली कामदार जाने मिति र समयको तालिका पठाएअनुसार कामदार नजाँदा मलेसियामा रोजगारदाताले व्यवसायीहरुलाई अत्याधिक दबाब दिइरहेको बताए। उनले भने, 'निर्धारित समयमा नेपाली कामदार नगएपछि मलेसियाको कुल डिमाण्डको १५ प्रतिशत हिस्सा अन्य स्रोत मुलुकमा डाइभर्ट भएको खबर आएको छ।'

मलेसियाको उडान नियमित गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणले तत्काल ध्यान दिनुपर्ने र अनावश्यकरुपमा गरिएको भाडा वृद्धिका विषयमा तत्काल छानविन गर्नुपर्ने उनले माग गरे।

## भाषा...

सरकारले रूपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलबाट खाडी मुलुकमा हुने उडानलाई सहजता प्रदान गर्न उक्त कार्यालयलाई कोटा तोकेर पूर्व तथा अन्तिम श्रम स्वीकृतिको समेत अख्तियारी दिएको थियो।

तर श्रम स्वीकृतिको कार्यमा सहयोगी भूमिकामा रहने भाषा अनुवादक नै नभएपछि उक्त कार्य समेत प्रभावित बन्ने बताइएको छ।

## आम...

व्यवस्था मिलाइएको आयोगले जनाएको छ।

यसैबीच, निर्वाचन आयोगका आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आचारसंहित सबैले पालना गर्नुपर्ने बताएका छन्।

नेपाल कानुन समाजले गरेको निर्वाचन आचारसंहिता प्रभावकारी कार्यान्वयन र सरोकारवालाको भूमिका विषयक कार्यक्रममा बोल्दै उनले राजनीतिक दलका नेताहरुको उपस्थितिमा बनाइएको आचारसंहिता भएकाले साना र ठूला दल भन्ने कुरा नहुने बताए।

आचारसंहिता कार्यान्वयनका लागि सरोकारवालाको भूमिका महत्वपूर्ण हुने उनको भनाइ छ। 'आचारसंहिता निर्वाचनको कार्यक्रममा सहभागिता जनाउने जो सुकैलाई पनि लागू हुन्छ' दलका प्रतिनिधिको सहमतिले आचारसंहिता बनेको बताउँदै उनले यो कार्यान्वयन गर्नु दल र उम्मेदवारको कर्तव्य हुने बताए।

आचारसंहिता कार्यान्वयनका लागि सरोकारवाला निकायसँगै कर्मचारीहरु पनि चनाखो हुनु पर्ने उनले बताए।

कार्यक्रममा प्रधानमन्त्री कार्यालयका सचिव धनराज ज्ञवालीले आचारसंहिता नैतिक कानुनीबन्धन भएकाले सबैले पूर्ण रुपमा पालना गर्नुपर्ने बताए। आँफैले बनाएको नियमको आँफैले उल्घन गर्नु भनेको दण्डनिय भएको बताउदै निर्वाचनमा हुने अपराध, दुर्व्यवहार, गलत अभ्यास, डर धाक, धम्की प्रलोभन जस्ता कार्य रोक्न सहयोग पुग्ने बताए।

# मतदाता र कार्यकर्ता भेटघाटमा प्रधानमन्त्री



**सुदूरपश्चिम/मस-** प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा चुनावी प्रचारप्रसारको क्रममा हाल सुदूरपश्चिम प्रदेशमा केन्द्रित छन्। तीन दिनदेखि उनी धनगढीको आफ्नै निजी निवासमा रहेका भेटघाट गर्ने नेता कार्यकर्ताको बाक्लो चहलपहल चुनावी रौनक पनि एकाएक तातेको छ। बिहानको समयमा प्रधानमन्त्री देउवालाई भेटिसकेपछि नेता कार्यकर्ता नियमितरुपमा चुनावी प्रचारप्रसारमा खटिने गरेका छन्। प्रधानमन्त्रीसँगको भेटमा नेता कार्यकर्ताले चुनावकै विषयमा छलफल गर्ने गरेको एक नेताले बताए।

प्रधानमन्त्री निवास परिसरमा भेटिएका कांग्रेस स्थानीय नेता अमृत बिसीले भने, 'यहाँ आइपुग्ने जो कोहीले चुनावी माहोलका बारेमा आपसमा छलफल गरिरहन्छन्, टिकट नपाएर असन्तुष्ट हुनेलाई सम्झाइबुझाइ पनि गरिहेको देखिन्छन्।' कांग्रेसका जिल्ला सभापति नारायणदत्त भट्ट प्रधानमन्त्रीको धनगढी बसाइँसँगै बढेको नेता कार्यकर्ताको चहलपहलले चुनावी माहोल तात्नु स्वभाविक रहेको बताउछन्।

संविधान र व्यवस्थाको रक्षाका लागि पहिलो पटक वाम-लोकतान्त्रिक गठबन्धन गरेर चुनावमा होमिनु पर्दाको अवस्थामा टिकट वितरणका क्रममा केही सन्तुष्टि र असन्तुष्टि स्वर आउनु स्वभाविक रहेको उनी बताउछन्। उनले भने, 'असन्तुष्टलाई मनाउँदै चुनावी माहोल कांग्रेस नेतृत्वको गठबन्धनकै पक्षमा ल्याउने प्रयासमा छौं।'

डोटीको उच्चाकोटस्थित विद्यालयमा तत्कालीन समयमा देउवाका सहपाठी रहनुभएका धनगढी निवासी तारानाथ ओझाले आफूसँगको भेटमा प्रधानमन्त्री देउवा निकै प्रफुल्ल मुद्रामा पाएको बताए। 'आउन लागेको चुनावी माहोलका बारेमा थप केही कुरा भएन', उनले भने, 'आफ्नो वडामा विसं २०४८ देखिका सबै निर्वाचन कांग्रेसले चुनाव जित्दै आएको जानकारी गराउँदा उहाँ खुसी हुनुभयो।'

डडेल्धुराबाट प्रतिनिधि सभादस्यका प्रत्यासी रहेका कांग्रेस सभापति देउवाले त्यहाँ बसेर कात्तिक १७ देखि २० गतेसम्म भएका चुनावीसभामा सहभागी भएर धनगढीस्थित निवासमा फर्किएका हुन्।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०७/२३**

**नर्थ सिनेमाज प्रा.लि.** को मिति २०७९/०६/२७ गते मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इन्फिनिटी मुभिज् प्रा.लि. (प्रा. लि. नं.: २०३०६७)**, कायम गर्ने गरी मिति २०७९/०६/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०७/२३**

**एता उता ट्राभल्स एण्ड टुर्स प्रा.लि.** को मिति २०७९/०६/२३ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एता उता एडभेन्चर्स प्रा.लि. (प्रा. लि. नं.: १७६२८१)**, कायम गर्ने गरी मिति २०७३/०६/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकार वाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## लुम्बिनी प्रदेश, बाँके जिल्ला खजुरा गाउँपालिकामा स्थापना गरिने कार्ड बोर्ड उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०७९/०७/२३)

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **नामः लोकेन्द्र कार्ड बोर्ड इन्डस्ट्रिज प्रा. लि.**<br>**ठेगानाः खजुरा गाउँपालिका वडा नं. ३, बाँके जिल्ला, लुम्बिनी प्रदेश**<br>**फोन नं.: ९८४८५१२७०७/९८०४६९८१६५** |
| **प्रस्तावको व्यहोरा** | ❖ कार्यान्वयन हुने स्थानः खजुरा गाउँपालिका वडा नं ३<br>❖ जग्गाको विवरणः खजुरा गाउँपालिका वडा नं ३, कि.नं. (५३,५४) गरी जम्मा ०-११-६ (एघार कट्ठा छ धुर), निजी जग्गा<br>❖ प्रस्ताव बारे सामान्य जानकारी : खेर गएको कागज प्रशोधन गरी कार्ड बोर्डबाट बन्ने सामग्री उत्पादन गर्ने<br>❖ उत्पादन क्षमताः कार्ड बोर्डबाट बन्ने सामाग्री-५ मेट्रिक टन/दैनिक<br>❖ लगानी : रु. ३,0000,000 (तीन करोड मात्र)<br>❖ लगानी किसिमः नीजि |
| **प्रभाव पर्न सक्ने जिल्ला /न.पा.** | बाँके जिल्ला/ खजुरा गाउँपालिका वडा नं. ३ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न खजुरा गाउँपालिका वडा नं ३ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन तथा वातावरण मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नामः लोकेन्द्र कार्ड बोर्ड इन्डस्ट्रिज प्रा. लि.<br>ठेगानाः खजुरा गाउँपालिका वडा नं. ३, बाँके जिल्ला, लुम्बिनी प्रदेश<br>फोन नं.: ९८४८५१२७०७/९८०४६९८१६५ |
| **परामर्शदाताको नाम र ठेगाना** | ग्रीन हेराल्ड कन्सल्टेन्सी प्रा.लि. (Green Herald Consultancy Pvt. Ltd.)<br>नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ९८५११३४६६७ |

## Dordi Rural Municipality
## Office of Rural Municipal Executive

**Nauthar, Lamjung**

## Invitation for Bids for Chiti-Majhgaun-Purano Duwar Road

**Contract Identification DORDI/NCB/W/02/079-080**
**Date of publication: 2079/07/23 (2022/11/09)**

Dordi Rural Municipality has allocated funds and received a grant from Government of Nepal towards the cost of Chiti-Majhgaun-Purano Duwar Road and intends to apply part of the funds to cover eligible payments under the Contract for DORDI/NCB/W/02/079-080. Bidding is open to all eligible bidders as per Section V of bidding document.

1. Dordi Rural Municipality invites electronic bids from eligible bidders for Chiti-Majhgaun-Purano Duwar Road under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in egp system as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dordi Rural Municipality, Nauthar, Lamjung, 9856046264 or dordigaupalika073@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents must be downloaded for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document NRs. 3000.00 (non refundable) in the account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**

| |
|---|
| Name of the Bank:Global IME Bank Ltd. |
| Name of Office: Dordi Rural Municipality Lamjung |
| Account Name: Mul sanchit Khata |
| AccountNo:Q104010000003 |
| Cost of Bidding Document: Nrs. 3,000.00 |

**Information to deposit the bid Security amount in Bank:**

| |
|---|
| Name of the Bank:Global IME Bank Ltd. |
| Name of Office: Dordi Rural Municipality Lamjung |
| Account Name: Dharauti Khata Ga.4.3 |
| AccountNo:Q104010000002 |
| Bid Security: Nrs. 5,00,000 |

5. Pre-bid meeting shall be held at Dordi Rural Municipality Office, Nauthar, Lamjung, Gandaki Province Nepal at 01-12-2022 13:00 hours.
6. Electronic Bids must be submitted to the office Dordi Rural Municipality through PPMO's e-GP system www.bolpatra.gov.np/egp before 12:00 noon on 09-12-2022 (2079/08/23). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00pm on , 09-12-2022 (2079/08/23 ) at the office of Dordi Rural Municipality office. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security NRs 5,00,000/-(NRs 0.5 Million only), which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject any or all the bids without assigning reason, whatsoever.
10. Matters not covered above shall be as per the latest amendment of Public Procurement act & its regulation.

| Contract No. | Description | Bid Security Amount | Bid Document | Remarks |
|---|---|---|---|---|
| DORDI/NCB/W/02/079-080 | Chiti-Majhgaun-Purano Duwar Road | 5,00,000/- (NRs 0.5 Million only) | Three Thousand. (Non Refundable) | Electronic Bid only |

**Chief administrative officer**

# पढ्दै कमाउँदै कार्यक्रमबाट भेटेनरीका विद्यार्थीहरु लाभान्वित

**मध्यान्ह संवाददाता**
सर्लाही, २२ कात्तिक

सर्लाहीको बागमती नगरपालिका ८ स्थित रहेको श्री नवजन जागरण माविका विद्यार्थीहरु पढ्दै कमाउँदै कार्यक्रमबाट लाभान्वित भएका छन् । २०७४ सालबाट विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लागूभई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सिटिइभिटी)बाट ३ वर्षे पशु प्राविधिक (भेटेनरी) कक्षा शुरु भएपछि नवजन जागरण माविका विद्यार्थीहरु पढ्दै कमाउँदै कार्यक्रमबाट लाभान्वित बनेका हुन् ।

२०७४ सालबाट विद्यालयमा ३ वर्षे पशु प्राविधिक(भेटेनरी) कार्यक्रम शुरु भएको र सो कार्यक्रम शुरु गर्न रु १० लाख रकम प्राप्त भएपनि करिब रु ६ लाख भौतिक संरचना निर्माणमा खर्च भएको र बाँकी रहेको करिब रु ४ लाख रकमबाट विद्यार्थीहरुलाई पढ्दै कमाउँदै गर्न कुखुरा पालनमा लगानी गरिएको नवजन जागरण माविका प्रधानाध्यापक बद्री पोखेलले बताए ।

उनका अनुसार विद्यालयले पशु प्राविधिक तर्फका विद्यार्थीहरुका लागि करिब रु ४ लाखलाई दुई चरणमा गरि कुखुरा पालनमा लगानी गरिएको बताए । पहिलो चरणमा एक हजार बोइलर जातका कुखुराका लागि लगानी गरिएकोमा १५ जना विद्यार्थीहरुले पढ्दै कमाउँदै कार्यक्रममा सहभागीता जनाएका थिए । पहिलो चरणमा १५ जना पशु प्राविधिक तर्फका विद्यार्थीहरुले



कुखुरा बेचेर संकलन भएको रकमको ४५ प्रतिशत आन्तरिक रुपमा खर्च भएको र सो रकम कटाएर ५५ प्रतिशत मुनाफाबाट आफुहरुले प्रतिव्यक्ति रु ३ हजार ७ सय कमाएको पशु प्राविधिक तर्फको कार्यक्रम पढ्दै कमाउँदैमा सहभागी भएका पूर्ण प्रसाद उप्रेतीले बताए । शुरुमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालनका लागि आएको रु१० लाखबाट भौतिक संरचना निर्माण पछि बाँकी रहेको करिब रु ४ लाख विद्यालयले लगानी गरी दिएको र त्यस वापत आफुहरुले कुखुरा पालेर प्रतिव्यक्ति रु ३ हजार ७ सय कमाएको पशु प्राविधिक तर्फको कार्यक्रम पढ्दै कमाउँदैमा सहभागी भएका अर्का विद्यार्थी पुकार खड्काले बताए ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालयले पशु प्राविधिक तर्फका विद्यार्थीहरुको प्रयोगात्मक अभ्यासका लागि आफ्नै जमिनमा कुखुराको खोर बनाएको छ भने गाई, भैसी, बाख्रा, बोका र पाडापाडी पालेको छ ।

पढ्दै कमाउँदै कार्यक्रममा सहभागी हुन चाहने पशु सेवा प्राविधिक तर्फका विद्यार्थीहरुका लागि विद्यालयले प्लेट फर्मको रुपमा काम गरिदिने र विद्यार्थीहरुका लागि कृषि तथा पशु पालन तर्फ पढ्दै कमाउँदै गर्न चाहने विद्यार्थीहरुका लागि शुरुमा विद्यालयले सहुलियतमा बिना व्याजको ऋण लगानी समेत गरिदिने विद्यालयका प्रधानाध्यापक पोखेलले बताए । उनका अनुसार पढ्दै कमाउँदै कार्यक्रममा सहभागी हुन चाहने पशु सेवा प्राविधिक तर्फका विद्यार्थीहरुका लागि विद्यालयले सहुलियतमा बिना व्याजको ऋण लगानी गरी दिने र उत्पादन भएको वस्तु विक्रि वितरण भएपछि विद्यालयले लगानी गरिदिएको सहुलियतमा बिना व्याजको ऋण लगानीको साँवा विद्यार्थीहरुले विद्यालयलाई फिर्ता गर्नुपर्नेछ ।

यता, पशु सेवा प्राविधिक तर्फको दोस्रो सेक्सनमा पढ्दै कमाउँदै कार्यक्रममा २ जना विद्यार्थीहरुको सहभागीता रहेको छ । दिपिसा लामा र सलिना मगरले अहिले विद्यालयले बनाएको भौतिक संरचनामा विद्यालयको लगानीमा १ हजार ३ सय कुखुरा पालि पढ्दै कमाउँदै कार्यक्रममा सहभागीता जनाएका छन् । आफुहरु विहानको समयमा पढ्न आउने र दिउँसो तथा बेलुकाको समयमा पढ्दै कमाउँदै कार्यक्रम अर्न्तगत कुखुरा पालनमा व्यस्त रहेका छन् । पढाई सकेर खाना खाएपछि कुखुरा फर्ममा गएर कुखुराको हेरचाहका साथै कुखुरालाई दाना पानी दिने र औषधि दिने लगायतका काममा व्यस्त रहने गरेको नवजन जागरण माविमा पशु प्राविधिक दोस्रो शत्रमा अध्यायनरत दिपिसा लामाले बताइन् ।

सिटिईभिटी अर्न्तगत शुरु भएको पशु प्राविधिक(भेटेनरी)तर्फ जम्मा रु १ लाख ७५ हजार लाग्ने गरेको भएपनि पढ्दै कमाउँदै गर्न पाएपछि त्यो रकम खासै ठुलो नलागेको पढ्दै कमाउँदै कार्यक्रममा सहभागी भएकी सलिना मगरले बताइन् । प्रधानाध्यापक पोखेलका अनुसार पहिलो चरणमा सो कार्यक्रममा सहभागी भएका १५ जना विद्यार्थीहरुले कुल मुनाफाको ५५ प्रतिशतका दरले हुन आउने प्रतिव्यक्ति रु ३ हजार ७ सय कमाएका थिए ।

# प्रभु साहलाई माओवादी नेता कार्यकर्ताको सर्मथन

**मध्यान्ह संवाददाता**
रौतहट, २२ कात्तिक

रौतहट क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रभु साह घरदैलो अभियानमा व्यस्त छन् । पूर्वमन्त्री समेत रहेका साहले जिल्लाको कटहरिया र गरुडा नगरपालिकाको विभिन्न वडामा घरदैलो तथा अन्तरक्रिया कार्यक्रम गरिरहेका छन् । उनीसँगै रौतहट क्षेत्र नं. ३ (क) उम्मेदवार केशव राय चौधरी र प्रदेशसभा ३ (ख) का उम्मेदवार कुन्दन कुशवाहाले पनि घरदैलो कार्यक्रम गरिरहेका छन् ।

घरदैलो कार्यक्रममा नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य समिना हुसेन, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य वहीद अंसारी, गरुडा नगरपालिकाका मेयरका प्रत्यासी बिपिन जयसवाल, लोसपाका नेता रामप्रवेश दासलगाएतका पाँच दलीय गठबन्धनका नेताकार्यकर्ताहरुको विषेश उपस्थिति रहेको थियो ।

कटहरिया नगरपालिकाको वडा नम्बर ९ डुमरियामा आयोजित घरदैलो तथा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य हुसेनले सत्ता गठबन्धनका आधिकारीक उम्मेदवार प्रभु साह रहेको भन्दै कल छाप चुनाव चिन्हमा मतदान गर्न आग्रह गरे । सथै प्रदेशसभा सदस्यमा कुन्दन कुशवाहा र केशव राय चौधरीको चुनाव चिन्ह लालटीन छापमा मतदान गरेर जिताउन उनले मतदाताहरुलाई आग्रह गरे ।

कार्यक्रममा हुसैनले सत्ता गठबन्धनको तर्फबाट प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले संयुक्त विज्ञप्ति जारी गर्दै प्रभु साहलाई जिताउ निर्देशन दिएको बताउँदै जिन निश्चित रहेको दाबी गरे ।

# तीन हजार बढी कर्मचारी निर्वाचनमा खटिँदै

**चितवन/मस–** आउँदो मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि जिल्लामा तीन हजार छ सय ८० कर्मचारी खटिने भएका छन् । निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न गर्नका लागि उनीहरु खटिन लागेका हुन् ।

निर्वाचन सम्पन्न गर्नका लागि चितवनका सबै मतदान केन्द्रमा मतदान अधिकृतसहित आठ-आठ जना कर्मचारी परिचालन हुनेछन् । उनीहरुसँगै हरेक मतदान केन्द्रमा चार जना स्थानीय स्वयंसेवक कर्मचारी पनि रहनेछन् । जिल्लामा एक सय ६१ मतदानस्थल रहेका छन् । जसमा चार सय ६० मतदानस्थल तोकिएको छ । ती सबै मतदानस्थलमा निर्वाचन अधिकृतसहित आठ-आठ जनाको दरले तीन हजार छ सय ८० कर्मचारी खटाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

कार्यालयका सहायक निर्वाचन अधिकृत ईश्वर आचार्यका अनुसार चितवन क्षेत्र नम्बर मा एक हजार दुई सय ७४ जना, क्षेत्र नं २ मा एक हजार एक सय दुई जना र क्षेत्र नं ३ मा एक हजार तीन सय चार कर्मचारी खटिने छन् । उनीहरुलाई निर्वाचन कार्यालयले यही कात्तिक २३ गतेदेखि २५ गतेसम्म तालिम दिएर निर्वाचनमा खटाउने उनले जानकारी दिए ।

कात्तिक २३ गते क्षेत्र नम्बर १ मा खटिने कर्मचारीका लागि तालिमको व्यवस्था गरिएको छ भने क्षेत्र नम्बर २ मा खटिने कर्मचारीका लागि २४ गते तोकिएको छ ।

यस्तै क्षेत्र नम्बर ३ को निर्वाचनमा खटिने कर्मचारीलाई २५ गते तालिम दिइने कार्यालयले जनाएको छ । तालिमपश्चात् निर्वाचनको प्रक्रिया सुरु गर्नका लागि कर्मचारी मङ्सिर १ गतेदेखिनै मतदानस्थलमा खटिने उनले बताए । मतदानस्थलको निरीक्षण सूचना टाँसलगायतका अन्य प्रक्रिया पूरा गर्नका लागि कर्मचारी १ गतेनै मतदानस्थल र केन्द्रमा पुग्ने छन् । जिल्लाभर चार लाख आठ हजार तीन सय ४२ मतदाता रहेका छन् । यो विसं २०७४ को निर्वाचनमा भन्दा १० हजार छ सय ५७ ले बढी हो । उनीहरुमध्ये महिला दुई लाख नौ हजार तीन सय नौ र पुरुष एक लाख ९९ हजार ३२ जना रहेका छन् ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख एक लाख ३९ हजार आठ सय ४५ मतदान रहेका छन् । क्षेत्र नम्बर १ मा एक लाख २४ हजार दुई सय १४ र ३ मा एक लाख ४४ हजार दुई सय ८३ जना रहेका छन् । यस्तै प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर १ (१) मा ६६ हजार १५, १ (२) मा ७३ हजार आठ सय ३० जना मतदान रहेका छन् । २ (१) मा ६१ हजार नौ सय ७३, २ (२) मा ६२ हजार दुई सय ४२, ३ (१) मा ७८ हजार दुई सय ८६ र ३ (२) ६५ हजार नौ सय ९६ जना मतदान रहेका छन् ।


## भूल सुधार

मिति २०७९/०७/२१ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कुवेतमा वैदेशिक रोजगार शिर्षक, चलानी नं.: ६०१८६६८०९, पूर्व स्वीकृत मिति: २०७९/०५/१७ र **LT. No.: 271082** को विज्ञापनमा कम्पनीको नाम: **Ali Altayer Est for Delivery of Consumer Orders** को कामदारको पद **Bike Rider** मा पुरूष माग संख्या २२ जना हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Link International** Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



# JOB VACANCY

## PUBLIC RELATIONS OFFICER

We are hiring a few **Public Relations Officers** to support our recruiting & sourcing team to place qualified candidates faster. The ideal candidate should have combined knowledge of sourcing techniques with excellent verbal and written communication skills along with a minimum of 2 years of proactive Sourcing Recruitment Officer in a Foreign Employer Agency.

**Please send your CV:** cv@motherlandoverseas.com

**Motherland** Overseas Pvt. Ltd.
Dhumbarahi, Kathmandu
Phone: 01-4961111, 9851048599


## ककनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट
बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! सूचना !**

**प्रकाशित मिति : २०७९/०७/२३**

यस ककनी गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गरिरहनुभएका व्यक्तीहरुले व्यक्तिगत घटना घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई घटना दर्ता गराएमा त्यस्ता व्यक्तीहरुलाई घटना दर्ता प्रोत्साहन बापत रु. २००/- उपलब्ध गराईने भएको हुदाँ तोकिएको समयमा सम्बन्धित वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गरी तोकिएको लाभ लिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**गीता कुमारी शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation For Bid Of Road Division Palpa

**Notice Number: 04-RDPLP-2079/80**
**First Date of publication: 2079-07-23 (November 09, 2022)**

The Department of Roads, Road Divison, Palpa on behalf of Ministry of Physical Infrastructure and Transport, Government of Nepal now invites Open competitive bidding from eligible bidders for the supply and construction of work mentioned in the table below under National Competitive Bidding.

**Procedures.**

| S.N. | Contract No. | Name of the Project/s | Estimate Amount Excluding VAT&PS(NRs.) | Bid Document Cost | Bid Security Validity Period | Bid Security Amount |
|---|---|---|---|---|---|---|
| 1 | DROPLP/337310113/79/80-27 | Supply of Road Construction Materials at Division Permises/Site Camp of Palpa Division Office | 1,706,164.66 | NRs. 1,000 | 75 days | NRs. 46,000 |
| 2 | DROPLP/337310113/79/80-28 | Supply of Emulsion Material at Division Permises/Site Camp of Palpa Division Office | 1,703,658.00 | NRs. 1,000 | 75 days | NRs. 46,000 |
| 3 | DROPLP/337310113/79/80-29 | Periodic Maintenance Works on Barthung -Ridi- Tamghas (Ridi - Tamghas Section) | 768,529.31 | NRs. 1,000 | 75 days | NRs.18,000 |

Last Date for bid submission: 2079-08-08 (12:00); Date of bid opening: 2079-08-08 (13:00) at Road Division, Palpa. Both hard copy and e-bid are acceptable. Eligible Bidders may visit PPMO's website: www.bolpatra.gov.np/ppmo e-procurement section or Office Notice Board for further information or contact Road Division, Palpa at email: **dropalpa@gmail.com**

**Division Chief**


## मलेसियामा रोजगारको अवसर | कम्पनी : LOI FATT FLORICULTURE SDN BHD

शहर : Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०७/२२ चलानी नं.: ६०१९०७७१ L.T. No.: 274936

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Harvesting & Post-harvest Workers | 23 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ३० गते (16 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**RADIANT OVERSEAS P. LTD.**
Tinkune-32, Kathmandu, Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069



## मलेशियामा रोजगार | १. कम्पनी: MESTIKA RESOURCES SDN BHD

शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०७/२२ चलानी नं.: ६०१९०७६६ L.T. No.: 275025

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 67 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौ र अञ्जली टेर्निङ सेन्टर, विर्तामोडमा २०७९ कार्तिक ३० गते (16 Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : ALMAIL ZONE FOR SECURITY SERVICES COMPANY शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०१/१६ चलानी नं.: ६०१७८७४७ L.T. No.: 262523 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour (Indoor) | 34 | 0 | स. काममा दक्ष | 100 | ४२,२४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कातिक ३० गते (16 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को नि:शुल्क क.नं. २ को रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि)
Govt. Lic. No. 1156/073/074
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, (स्विमिङ पुल रोड छाप्रो मासु पसलको छेउ)
फोन: ०१-४९६३४०३, ४९५७६८३ ९८१८६५८०९८, ९८०१८९४४३३



## साइप्रस र कतारमा रोजगारको अवसर

कम्पनी : ZODIAC EMPLOYMENT AGENCY LIC NO. 306 शहर: CYPRUS, NICOSIA

पूर्व स्वीकृत मिति: २०७८/१२/०८ चलानी नं.: ६०१७६३८४ LT. No.: 260100 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 8 | स. काममा दक्ष | 309 | ४०,३४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : STAR PLUS TRADING & CONTRACTING WLL शहर: Doha

पूर्व स्वीकृत मिति: २०७९/०७/२२ चलानी नं.: ६०१९०७७० LT. No.: 275087

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : STAR PLUS TRADING & CONTRACTING WLL शहर: Doha

पूर्व स्वीकृत मिति: २०७८/१२/०९ चलानी नं.: ६०१७६४२३ LT. No.: 260066 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | COFFEE COOK | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | LABOURER | 1 | 0 | | 1300 | ४६,४८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ कातिक ३० गते (16 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

मध्यान्ह
www.madhyanhadaily.com
२३ कात्तिक २०७९, बुधबार
9 November 2022, Wednesday

सम्पादकीय

## मतदाता दबावमा पार्ने प्रयास

शान्तिपूर्ण बातावरणमा चुनाव हुने अनुमान भइरहँदा निर्वाचन आयोग आफै विवादमा पर्दै आएको छ । आयोगले लिएको एकपछि अर्को निर्णय विवादित बनेको छ । संभवतः पहिलोपटक आयोगको निर्णय बिपरीत एकपछि अर्को मुद्दा चुनाव अगाडि नै सर्वोच्चमा गइरहेको छ । त्यसमध्ये केही निर्णयको आमनागरिकले नै स्वागत गरेको देखिन्छ । तर कतिपय निर्णयमा भने आयोगले चर्को विरोध खेप्नु परेको छ । त्यसमध्ये 'नो, नट अगेन', आमसञ्चार माध्यममा आएको समाचार सामग्री हटाउने निर्देशन, लगायतमा आयोग विवादित छ । ललितपुर-३ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार डा.तोसिमा कार्कीबारे आयोगले गरेको निर्णयलाई सर्वोच्च अदालतले तत्काल कार्यान्वयन नगर्न आदेश दिएको छ ।

पूर्वप्रधानमन्त्रीहरूलाई फेरि जिताउन नहुने भन्दै चलेको 'नो, नट अगेन' अभियानमा रोक लगाउने निर्णय पनि उल्टिएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया आफैले सभ्य भाषामा यो अभियान चलाउन पाइने सार्वजनिक अभिव्यक्ति दिएका छन् । युवा पंक्तिमा लोकप्रिय रहेको एमआरआर फेसबुक पेज निष्कृय भएको छ । यसमा पनि आयोगको सिफारिस भएको हुन सक्ने आशंका एमआरआरका सञ्चालकहरूले गरेका छन् । यी सबै निर्णय र गतिविधिमा नागरिकको राजनीतिक अधिकारमाथि अंकुश लगाउन खोजिएको आशंकामै बल पुग्छ । किनकि चुनावमा कुनै पनि नागरिकले आफ्नो अभिमत प्रकट गर्न पाउँछन्, निर्णय दिन सक्छन् । तर त्यसमाथि आयोगले नै अंकुश लगाउनुलाई सामान्य रूपमा लिन सकिदैन ।

